पाठ ४१

१	**प्रार्थना**

समूहको अगुवा - परमेश्वरको उपस्थितिप्रति सचेत हुन र उहाँको आवाज सुन्न उहाँको आत्माद्वारा परमेश्वरको अगुवाइ माग्नको लागि प्रार्थना गर्नुहोस्। चेलालाहरू बनाउने बारेको यो पाठलाई प्रभुमा समर्पण गर्नुहोस्।

२	**आराधना** (२० मिनेट)	**[मनोवृत्तिको अभिव्यक्ति]** **परमेश्वरको सराहना गर्नु**

यो पाठमा हामी परमेश्वरको सराहना गर्दै हाम्रो आराधना प्रकट गर्ने कुराको बारेमा सिक्दछौँ।

प्रकाश ४:१-११ पढ्नुहोस्।
यूहन्नाले दर्शनमा स्वर्गमा सिंहासन देख्दछन्। त्यो यति महान् र सुन्दर छ, कि तिनले त्यसको वर्णन गर्न कुनै साधारण सब्द भेट्टाउँदैनन्।

१. सिंहासन

यूहन्नाले स्वर्गमा परमेश्वरको सिंहासन देख्दछन् (४:२)। अस्तित्वमा रहेका हरेक थोकको केन्द्र बनाउने पृथ्वी अथवा सूर्य अथवा आकाशका तरामण्डल होइन, तर सिंहासनमा विराजमान परमेश्वर हुनुहुन्छ। ब्रह्माण्डमा र पृथ्वीमा अनि यस संसारको इतिहासम हुने हरेक कुरा शासकहरूद्वारा अथवा शक्तिशाली व्यक्तिद्वारा अथवा धनी मानिसद्वारा अथवा बुद्धिमान मानिसद्वारा अथवा सञ्चार माध्यमद्वारा अथवा चलाख मानिसद्वारा नियन्त्रित छैन। सिंहासनमा विराजमान परमेश्वरले सबैथोक नियन्त्रण गर्नुहुन्छ! परमेश्वरले सबैथोक सृष्टि गर्नुभयो किनभने ती सबै उहाँले सृष्टि गर्न चाहनुहुन्थ्यो (प्रकाश ४:११)। उहाँले तपाईंलाई सृष्टि गर्नुभयो किनभने उहाँले तपाईं अस्तित्वमा आउनुभएको चाहनुहुन्थ्यो (यशैया ४३:७; कलस्सी १:१६)! परमेश्वरको सार्वभौम राज्यबाट केही पनि अलग गर्न सकिँदैन (यशैया १४:२४,२७)!

२. चमक

यूहन्नाले परमेश्वरको स्वरूपको वर्णन गर्दैनन् तर तिनले उहाँको चमकको वर्णन गर्दछन् (४:३)। सिंहासनमा विराजमान हुनुहुनेको मुहार बिल्लौर र लालमणिजस्तै देखिन्थ्यो र सिंहासनको वरिपरि पन्नाजस्तै इन्द्रेणी थियो।

तीन वटा रङ्गहरू - बिल्लौर 'स्फटिक'झैँ सफा र पारदर्शी हुन्छ (प्रकाश २१:११)। यो एक प्रकारको पारदर्शी हिरा हो, जसले परमेश्वरको महिमा र पवित्रतालाई सङ्केत गरिरहेको छ।
लालमणि रातो हुन्छ, जसले 'जीवन' (रगत) अथवा न्यायमा प्रकट हुनुहुने परमेश्वरको स्वभावको चमकलाई सङ्केत गर्दछ। पन्नाजस्तो इन्द्रेणीचाहिँ समुद्रझैँ हरियो हुन्छ, जसले परमेश्वरको अपरिवर्तनशील विश्वासयोग्यतामा प्रकट हुने उहाँको स्वभावको चमकलाई (उत्पत्ति ९:१२-१७; इजकिएल १:२८) र उहाँको मुक्तिलाई सङ्केत गर्दछ।

ती तीन वटा रङ्गहरूको सन्देश - प्रकाशको पुस्तकको सन्देश नयाँ करारको समयका परमेश्वरका जनहरूका लागि हो। परमेश्वरको महिमित र पवित्र स्वभावभित्र (पारदर्शी, स्पष्ट रङ्ग) सबै दुष्टहरूको (रातो रङ्ग) विरुद्धमा परमेश्वरको पवित्र क्रोध र उहाँमा भरोसा राख्नेहरूप्रतिको (हरियो रङ्ग) मुक्तिसम्मै उहाँको प्रेमिलो विश्वासयोग्यतालाई अलग गर्न सकिँदैन! परमेश्वरका जनहरू, येशू ख्रीष्टमा विश्वास गर्नेहरूका लागि परमेश्वरको न्यायको आँधी समाप्त भइसकेको छ! ख्रीष्ट येशूमा भएकाहरूलाई कुनै दण्डको आज्ञा छैन (रोमी ८:१)। येशू ख्रीष्टले पूरा गर्नुभएको मुक्तिको काममा विश्वासद्वारा धर्मी ठहरिने परमेश्वरको विश्वासयोग्य प्रतिज्ञाको इन्द्रेणी सधैँ सम्किन्छ (रोमी ५:१)। परमेश्वरको स्वभावको यी ती पक्षहरू परमेश्वरको सिंहासनबाट प्रज्वलित हुन्छ। परमेश्वरले आफ्नो सिंहासनबाट महिमित पवित्रतामा धार्मिक न्याय र विश्वासयोग्य मुक्तिका साथ राज्य गर्नुहुन्छ।

बिजुली र मेघ गर्जन - सिंहासनबाट बिजुलीहरू, आवाजहरू र गर्जनहरू निस्केर आउँथे (४:५)। यी प्राकृतिक प्रक्रियाहरूले मानिसहरूमा डर र भय ल्याउँछ। यी परमेश्वरको महानता र वैभवका अभिव्यक्तिहरू हुन्। जब परमेश्वरले आफ्नो इच्छा

गर्नुहुन्छ, तब ती कुराहरू हुन्छन्। जब उहाँले दश आज्ञाहरू प्रकट गर्नुभयो (प्रस्थान १९:१६; २०:१८), जब उहाँले अय्यूबलाई आफ्नो अनुग्रह प्रकट गर्नुभयो (अय्यूब ३७:२-७,१३ख), जब उहाँले यूहन्नालाई आफ्नो सार्वभौम राज्य प्रकट गर्नुभयो (प्रकाश ४:५), अनि जब उहाँले आफ्नो धार्मिक न्याय प्रकट गर्नुभयो (अय्यूब ३७:८-१३क; प्रकाश ८:५; ११:१९: १६:१८), तब त्यस्ता कुराहरू हुन आए।

३. त्रिएकत्व

यूहन्नाले पवित्र आत्माको पूर्णतालाई देख्छन्, जसलाई सिंहासनको सामुन्ने बलिरहेका सात वटा बत्तीहरूले सङ्केत गर्दछन् (प्रकाश ४:५)। अनि तिनले येशू ख्रीष्टलाई देख्छन्, जसलाई थुमाले सङ्केत गर्दछ, जो मारिएको जस्तो देखा पर्नुहुन्थ्यो र सिंहासनको बीचमा उभिरहनुभएको थियो (प्रकाश ५:६)। एक परमेश्वर, जसले आफूलाई तीन भित्री भिन्नताहरूमा प्रकट गर्नुहुन्छ, उहाँ स्वर्गको सिंहासनमा वास गर्नुहुन्छ। उहाँले आफूलाई परमेश्वर पिताको रूपमा प्रकट गर्नुहुन्छ, जसले निर्णय गर्ने काम गर्नुहुन्छ। उहाँले आफूलाई परमेश्वर पुत्रको रूपमा प्रकट गर्नुहुन्छ, जसले परमेश्वरको निर्णय पूरा गर्नको लागि मानव इतिहासमा मानव स्वरूप लिनुहुन्छ। र उहाँले आफूलाई परमेश्वर पवित्र आत्माको रूपमा प्रकट गर्नुहुन्छ, जो परमेश्वरका जनहरूका जीवनमा परमेश्वरको निर्णय लागू गर्नको निम्ति पृथ्वीमा उनीहरूका बीचमा वास गर्नुहुन्छ। यसलाई प्रकाश १:४-५ सँग तुलना गर्नुहोस्।

४. चार जीवित प्राणीहरू

यूहन्नाले परमेश्वरको सिंहासनको वरिपरि चार वटा जीवित प्राणीहरू देख्छन् (प्रकाश ४:६-९)। तिनीहरू स्वर्गीय प्राणीहरू हुन्, जसले सबै जीवित प्राणीहरूसहित सृष्टि गरिएको ब्रह्माण्डको प्रतिनिधित्व गर्छन्। सृष्टि परमेश्वरको मुक्तिको इतिहासको विशेष रङ्गमञ्च हो। चार जीवित प्राणीहरूको काकम सम्पूर्ण इतिहासमा परमेश्वरको राज्यमा उहाँको महिमा प्रवर्द्धन गर्नु हो (प्रकाश ४:८)।

५. चौबीस जना धर्मगुरुहरू

यूहन्नाले परमेश्वरको सिंहासनको वरिपरि चौबीस जना धर्मगुरुहरूलाई सिंहासनहरूमा बसिरहेका देख्छन् (प्रकाश ४:४; २१:१२-१४ सँग तुलना गर्नुहोस्)। उनीहरू स्वर्गमा भएका स्वर्गदूतहरूको उच्च तहमध्ये एक हुन्, जसले पुरानो करारको समयका परमेश्वरका जनहरू (१२ कुलहरू) र नयाँ करारको समयका परमेश्वरका जनहरू (१२ प्रेरितहरू) को प्रतिनिधित्व गर्दछन्। यो सृष्टिभित्र मुक्तिको काम हुँदछ। चौबीस धर्मगुरुहरूको काम यस सृष्टिमा परमेश्वरको महिमालाई प्रवर्द्धन गर्नु हो (प्रकाश ४:११)।

६. काँचको समुद्र

काँसाको समुद्र - पुरानो करारमा काँसाको समुद्र भनेको पानी राख्ने बाटा थियो, जुन बलि जलाइने वेदीको नजिक जानुअघि अथवा मन्दिरमा प्रवेश गर्नुअघि पूजाहारीहरूले त्यसमा आफ्ना हात र खुट्टा धुने गर्थे (प्रस्थान ३०:१८-२१; १ राजा ७:२३-२६)।

नयाँ करारमा (प्रकाश ४:६) स्फटिकझैँ पारदर्शी काँचको समुद्रले ख्रीष्टको रगतलाई सङ्केत गर्दछ, जसमा इसाईहरूले साङ्केतिकरूपा आफ्ना पोशाक धोएर सेता बनाउँछन् (प्रकाश ७:१४)। यसर्थ, यसले येशू ख्रीष्टको मृत्यु र पनरुत्थानद्वारा परमेश्वरको धार्मिक र पारदर्शी मुक्तिलाई सङ्केत गर्दछ, जसद्वारा मानिसहरू उहाँको नजिक आउन सक्छन् र उहाँको नयाँ करारको समुदायभित्र (मन्दिरभित्र) प्रवेश गर्न सक्छन्। यसरी प्रकाश ४:६क मा उल्लेखित स्फटिकझै पारदर्शी काँचको समुद्रले परमेश्वरको मुक्तिलाई सङ्केत गर्दछ। परमेश्वरको राज्यले सबै राष्ट्रका इसाईहरूलाई मुक्तितर्फ डोऱ्याउँछ ताकि उनीहरू स्वर्गमा परमेश्वरसँग पूर्ण शान्ति र मेलमिलापमा रहन सकून् (रोमी ५:१)।

लाल समुद्र - पुरानो करारमा परमेश्वरले फारो र उसका सेनाहरूलाई लाल समुद्रमा नष्ट पार्नुभएपछि मोशा र इस्राएलीहरू लाल समुद्रमा खडा भए (प्रस्थान १३:२१-२२; १४:१९,२४)। उहाँले मिश्री सेनाहरूलाई अलमल्ल पारिदिनुभयो र समुद्रमा बगाइदिनुभयो। समुद्रको पानी सुनामीझैँ फर्केर आयो र ती सत्रुहरूलाई ढाकिदियो। तिनीहरूमध्ये एक जना पनि बाँचेन।

नयाँ करारमा (प्रकाश १५:२-४) यूहन्नाले परमेश्वरको सिंहासनको अगाडि फैलिएको आगोसँग मिसिएको काँचको समुद्रजस्तो देखे। यसले त्योस ठाउँको सङ्केत गर्छ, जहाँ परमेश्वरले पशुका सबै अनुयायीहरूमाथि आफ्नो अन्तिम न्याय लागू

गर्नुहुनेछ, जसले नयाँ करारका परमेश्वरका जनहरूलाई सताए। संसारको ईश्वरहीन र दुष्ट मानिसहरू सदाका लागि नष्ट हुनेछन् र परमेश्वरको काँचको समुद्रमा डुब्नेछन्। यसरी प्रकास १५:२-४ मा उल्लेखित आगो मिसिएको काँचको समुद्रले परमेश्वरको भविष्यको न्यायलाई सङ्केत गर्दछ।

'आगो' परमेश्वरको पवित्र र धार्मिक क्रोधको प्रतीक हो, जसद्वारा उहाँले पापको विरुद्धमा आफ्नो अन्तिम न्याय लागू गर्नुभएको थियो। 'काँच' भनेको यसको प्रतीक हो, कि लागू गरिएको उहाँको पवित्र र धार्मिक क्रोध पूर्णरूपमा पारदर्शी र स्पष्ट थियो। परमेश्वरले पृथ्वीका ईश्वरहीन र दुष्ट मानिसहरूको अन्तिम न्याय गरिसक्नुभएपछि न्यायमा उहाँको पवित्रता र धार्मिकता दोषरहित रहन्छ र सबैका लागि स्पष्ट बन्दछ। कुनै पनि कुरा लुकेको अथवा अस्पष्ट रहनेछैन। "उहाँका धार्मिक कार्यहरू प्रकट गरिएका छन्" (१५:४) र सबैले यसलाई देखेका छन् अनि स्वीकारेका छन्। कुनै पनि दुष्ट अथवा अशुद्ध कुरा परमेश्वरको सामन्ने खडा रहन योग्य हुनेछैन (२१:७,२७)। परमेश्वरले सबै कुराहरू देख्नुहुन्छ (हिब्रू ४:१३)।

७. विश्वव्यापी आराधना

यूहन्नाले चार जीवित प्राणीहरूले कसरी निरन्तर परमेश्वरको पवित्रताको सराहना र प्रशंसा गरिरहन्छन् भनी देख्छन् (प्रकाश ४:८)। अनि उनले चौबीस जना धर्मगुरुहरूले परमेश्वरको आराधना, सराहना र प्रशंसा गर्नका लागि कसरी परमेश्वरको सिंहासनअघि दण्डवत् गर्धन् भनी देख्छन् (प्रकाश ४:१०-११; ५:११-१४)। परमेश्वरको अनन्त दृष्टिकोणमा उहाँको उद्देश्य यो हो, कि आत्मिक र सृष्टि गरिएका संसारमा भएका सबैथोक र हरेकले परमेश्वरको आराधना गरून्।

आराधना गर्नुहोस् - परमेश्वरको सिंहासनको वरिपरिको भीडको भाग बन्दै हामी पनि सबैथोक र सबैजनामाथि परमेश्वरको सार्वभौम राज्यलाई सराहना र प्रशंसा गर्दै उहाँको आराधना गरौं।

३	**सिकेको कुरा बाँड्नु** (२० मिनेट)	**[शान्त समय]** **२ शमूएल १५,१७,१८,२२**

तोकिएको बाइबल खण्ड (२ शमूएल १५,१७,१८,२२) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा, के कुरा सिक्नुभएको छ, त्यसबाट छोटकरीमा पालैपालो बाँड्नुहोस् (अथवा तपाईंको नोटबुकबाट पढ्नुहोस्)। अरूले बाँड्दैगरेको कुरा सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस् तर उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

४	**शिक्षा** (७० मिनेट)	**[सम्बन्धहरू]** **आमाबुबा र छोराछोरीबीचको सम्बन्धहरू**

यो अध्ययन परमेश्वरले योजना गर्नुभएअनुसार आमाबुबा अथवा छोराछोरी बन्ने उत्कट इच्छाको परिणाम हो।
व्यवहारिक कार्यान्वयनहरू सुझावहरू मात्र हुन्, जसलाई तपाईंले आफ्नो सँस्कृतिभित्र रहेर अपनाउन सक्नुहुन्छ।

क. छोराछोरीप्रति आमाबुबाको जिम्मेवारीहरू

१. वैवाहिक सम्बन्धमा आमाबुबाको जिम्मेवारीहरू

एफिसी ५:२२-२३; (कलस्सी ३:१८-१९; यूहन्ना १३:३४-३५) पढ्नुहोस्।
पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - परमेश्वरले पतिहरूलाई र पत्नीहरूलाई दिनुहुने जिम्मेवारीहरू के-के हुन्? टिप्पणी - पति र पत्नी विशेषगरी एक-अर्कासँग सम्बन्धित रहने कुरामा उदाहरण बन्नुपर्दछ। एक-अर्कासँगको उनीहरूको सन्बन्धले उनीहरूको सन्तानलाऐ ख्रीष्टले प्रेम गर्नुभएझैँ पतिले आफ्नी पत्नीलाई प्रेम गर्ने र तिनलाई प्रसन्न पार्ने अधिकार तथा पत्नीले आफ्नो पतिलाई ख्रीष्टको निम्ति सबैभन्दा असल बन्न सहयोग गर्ने समान अधिकारको बारेमा सिकाउनुपर्छ। निश्चय पनि उनीहरू आफ्ना सन्तानको साथै अरूहरूसँग पनि कसरी सम्बन्धित रहने भन्ने कुरामा उदाहरण बन्नुपर्छ।

२. अभिभावकत्वमा आमाबुबाको जिम्मेवारीहरू

एफिसी ६:४; (कलस्सी ३:२१; १ तिमोथी ३:४-५; तीतस १:६; २:४-५) पढ्नुहोस्।
पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - परमेश्वरले आमाबुबालाई दिनुहुने विशेष जिम्मेवारीहरू के-के हुन्?
टिप्पणी -

बुबाहरू - तपाईंको छोराछोरीलाई रिस नउठाउनुहोस्। उनीहरूलाई प्रभुको तालिम र निर्देशनमा हुर्काउनुहोस्। आफ्नो परिवारलाई असल किसमले प्रवन्ध मिलाउनुहोस्। तपाईंको छोराछोरीलाई तपाईं र तपाईंकी पत्नीलाई सही आदरका साथ आज्ञापालन गर्न सिकाउनुहोस्।

आमाहरू - तपाईंको छोराछोरीलाई प्रेम गर्नुहोस्। आफ्नो घरमा व्यस्त रहनुहोस्। तपाईंको व्यवहारले अरूलाई परमेश्वरको वचनको निन्दा गर्ने नतुल्याउनुहोस्।

ख. बुबाहरू, छोराछोरीलाई रिस नउठाउनुहोस्।

सिकाउनुहोस् - परमेश्वरले बुबालाई परिवारको शिर भन्नुहुन्छ।
यसकारण, आमाले यो काम पूरा गर्नलाई बुबालाई सहयोग गर्नुपर्दछ (उत्पत्ति २:१८)।

रिस उठाउनु - रिस उठाउनु भनेको निरुत्साहित पार्नु हो। तपाईंप्रतिको उनीहरूको प्रतिक्रियालाई हेरेर तपाईंले आफ्ना सन्तानलाई चिढाउनुहुन्छ अथवा निरुत्साहित पार्नुहुन्छ भन्ने कुरा थाहा पाउन सक्नुहुन्छ। उदाहरणको लागि जब छोराछोरी चिढिन्छन्, रिसाउँछन् अथवा उदास हुन्छन् अथवाउ जब उनीहरू आफ्ना आमाबुबाबाट टाढिन्छन् अथवा हरेस खान्छन्, त्यतिबेला तिनीहरू निरुत्साहित भएका हुन सक्छन्। यी प्रतिक्रियाहरू यो कुराको सङ्केत हो, कि तपाईंले आफ्ना सन्तानप्रतिको व्यवहार परिवर्तन गर्नुपर्ने हुन्छ।

आदर गर्नु - तपाईंले आफ्ना छोराछोरीमा कसरी आदर प्रसारण गर्न सक्नुहुन्छ? तपाईंको छोराछोरीलाई यी कामहरू गर्न लगाउनुहोस् :

- हुर्कन, विकसित हुन र गल्तीहरू गर्दै सिक्न चाहने समय दिएर
- जिम्मेवारी र उत्तरदायित्व विकास गर्न लगाएर
- उनीहरूको आफ्नो दृढ विश्वास विकास गर्न लगाएर
- परिपक्व सम्बन्धहरू विकास गर्न लगाएर

१. तपाईंका छोराहरू र छोरीहरूलाई जिम्मेवारी र उत्तरदायित्वमा वृद्धि हुन दिनुहोस्।

आमाबुबाको लक्ष्य - आमाबुबाको हैसियतले हाम्रो लक्ष्य भनेको छोराछोरीलाई खुसी तुल्याउनु मात्र होइन, तर उनीहरूलाई जिम्मेवार वयस्कमा विकास गर्नु पनि हो।

छलफल गर्नुहोस्- यदि तपाईंको उद्देश्य सधैँ आफ्ना सन्तानलाई खुसी पार्नु हो भने तपाईंका सन्तान भविष्यमा कस्ता व्यक्ति बन्लान्?
टिप्पणी - तिनीहरू बिग्रिन सक्छन् अनि स्वार्थी र विलासी हुन सक्नेछन्।

जिम्मेवारीपन विकास गर्नु
छलफल गर्नुहोस् - तपाईंले कसरी आफ्ना सन्तानलाई जिम्मेवार वयस्क बन्न सहयोग गर्न सक्नुहुन्छ?

टिप्पणी - जिम्मेवार वयस्कहरूले आफ्नो जीवनको हरेक क्षेत्रमा जिम्मेवारी लिन सिक्छन्। जिम्मेवारीपन सिकाउने महत्वपूर्ण क्षेत्रहरू यी हुन्: उनीहरूको मनोवृत्तिहरू, बोलिवचन, व्यवहार, उनीहरूको पढाइ अथवा काम, परिवारमा उनीहरूको काम, रुपैयाँ-पैसा सम्हाल्ने उनीहरूको तरिका, एक्लो यात्रा, साथीहरू बनाउने, अरूको दबाव अथवा धारणाहरूको सामना गर्नु र परमेश्वरसँगको उनीहरूको सम्बन्ध आदि।

जिम्मेवारीपन र उत्तरदायित्व विकास गर्ने चरणहरू
सिकाउनुहोस् - बाल्यकालदेखि वयस्क अवस्थासम्म यसमा तपाईंको पाँच वटा चरणहरू हुन सक्छन्।

- बालक अवस्थामा हुँदा, तिनीहरूको लागि हरेक कुरा तपाईंले गरिदिनुहोस्। बालबालिकाहरूका लागि सबै निर्णयहरू र छनौटहरू गरिदिनुहोस् र उनीहरूका लगि ती कामहरू तपाईंले गरिदिनुहोस्। आमाबुबाको रूपमा तपाईंले आफ्ना छोराछोरीको लागि र उनीहरूसँग के गर्नुहुन्छ भन्ने कुरामा तपाईं परमेश्वरप्रति १००% जिम्मेवार र उत्तरदायी हुनुहुन्छ।
- तिनीहरू साना अवस्थामा हुँदा, उनीहरूसँग मिलेर काम गर्नुहोस्। बालकहरूसँगै मिलेर काम गर्ने प्रशस्त अवसरहरू मिलाउनुहोस्। तिनीहरूसँगै बसेर निर्णयहरू र योजनाहरू बनाउनुहोस् अनि सँगै त्यसलाई कार्यान्वयन गर्नुहोस्। बालबालिकालाई सम्भव भएसम्म सत्यताहरू, मूल्य-मान्यताहरू, आचरणहरू र सीपहरू सिकाउनुहोस् र त्यसबारेमा तालिम दिनुहोस्। काम गर्ने तरिकाहरूमा बालबलिकाको निम्ति उदाहरण बन्नुहोस्, गुणस्तरको तह निर्धारण गर्नुहोस् र धार्मिक, नैतिक तथा आत्मिक मान्यताहरू कायम गर्नुहोस्, जसलाई तिनीहरूले पछ्याउन सकून्। बालबालिकालाई यो कुरा देखाउनुहोस् कि तपाईंले आफ्नो जीवन परमेश्वर र उहाँको वचनमा समर्पित गर्नुभएको छ र तपाईं आफै परमेश्वरप्रति जिम्मेवार र उत्तरदायी हुनुहुन्छ।
- जब उनीहरू किशोर अवस्थामा हुन्छन्, धेरैभन्दा धेरै कामहरू एक्लै गर्न दिनुहोस् तर त्यसप्रति निगरानी राख्नुहोस्। उनीहरूसँगै मिलेर काम गर्न जारी राख्नुहोस्, तर उनीहरूले जिम्मेवारी लिन सक्ने सबै क्षेत्रहरूमा उनीहरूलाई नै अधिकार दिनुहोस् र उनीहरूलाई आफ्नो जिम्मेवारीहरूप्रति उत्तरदायी बनाउनुहोस्। किशोर-किशोरीको निम्ति बढी स्वतन्त्रताको अर्थ भनेको उनीहरूले बढी जिम्मेवारी लिनु र बढी मात्रामा उत्तरदायी हुनु हो। स्वतन्त्राको मतलब हो होइन कि किशोर-किशोरीहरूले जे मन लाग्यो त्यही काम गरून् अथवा कसैप्रति जवाफदेही नभईकन काम गरून् (व्यवस्था १२:८; न्यायकर्ता २१:२५)। किशोर-किशोरीहरूलाई निर्णय गर्न र योजना बनाउन अनि तपाईंको निगरानीमा आफ्ना कुरा भन्न र काम गर्न अवसर दिनुहोस्। आमाबुबाको रूपमा अन्तिम निर्णय अझै तपाईंमा नै रहन्छ र यसकारण, अन्तिम जिम्मेवारी अनि उत्तरदायित्व पनि तपाईंमा नै रहनेछ।
- जब उनीहरू जवान हुन्छन्, सबैथोक उनीहरूलाई आफै गर्न दिनुहोस्। अन्तिम जिम्मेवारी र उत्तरदायित्व जवानहरूलाई नै सुम्पनुहोस्। यो कुरामा निश्चित हुनुहोस् कि जवानहरूले आफ्ना जिम्मेवारीहरूलाई बुझैका छन् र आफूले बोल्ने र गर्ने कुराहरूमा तपाईंको घरमा रहँदा आमाबुबाको रूपमा पहिले तपाईंप्रति र अन्तिम विश्लेषण परमेश्वरप्रति १००% जिम्मेवार र उत्तरदायी बनून्।
- जब उनीहरू वयस्क हुन्छन्, आफ्नो पूर्ण आत्मनर्भर र स्वतन्त्रता अँगाल्न दिनुहोस्। जब उनीहरू वयस्क उमेर पुगेका हुन्छन्, अथवा पढाइ अथवा कामको लागि आफ्ना आमाबुबाको घर छोडेका हुन्छन्, अथवा विवाह गरिसकेका हुन्छन्, तब सन्तानहरू 'बालक' बन्न छोड्छन्। अनि उनीहरूका आमाबुबाले उनीहरूलाई पूर्णरूपमा स्वतन्त्र छोडिदिनुपर्छ (मत्ती १९:५)। वयस्कहरू अब परमेश्वरप्रति मात्र १००% जिम्मेवार र १००% उत्तरदायी हुन्छन्। आमाबुबाको आफ्ना हुर्केका सन्तानप्रति अझै जिम्मेवारी रहन्छ, तर उनीहरूमाथि कुनै अधिकार भने रहँदैन। आमाबुबाको निरन्तरको जिम्मेवारी आफ्ना हुर्किएका सन्तानलाई प्रेम गर्ने, सहयोग गर्ने अनिस उनीहरूका लागि प्रार्थना गरिदिने, उनीहरूले मागेको अवस्थामा सर-सल्लाह दिने र कुनै किसिमको खतरा छ भने उनीहरूलाई चेताउनी दिने हो।

२. आफ्ना छोराहरू र छोरीहरूलाई आफ्नो निम्ति दृढ विश्वास विकास गर्न दिनुहोस्।

आमाबुबाको लक्ष्य - आमाबुबाको रूपमा तपाईंको लक्ष्य तपाईंको दृढ विश्वासमा आफ्ना सन्तानलाई तान्नु होइन, तर उनीहरूलाई आफ्नै दृढ निश्चयता, विश्वास, मूल्य-मान्यता र प्राथमिकता विकास गर्न लगाउनु हो।

दृढ विश्वासहरू विकास गर्नु

छलफल गर्नुहोस् - तपाईंको छोराछोरीलाई आफ्नो दृढ विश्वास विकास गर्न तपाईंले कसरी मद्दत गर्न सक्नुहुन्छ?

टिप्पणी - जब आमाबुबाले आफ्नो सन्तानबाट आमाबुबाकै निश्चयता, विश्वास, मान्यताहरू, प्राथमिकता र काम गर्ने तरिकाहरूप्रति पूर्ण आज्ञाकारिताको माग गर्छन्, तब उनीहरूले आफ्ना सन्तानलाई कहिले पनि जिम्मेवार जवानको रूपमा बढ्न दिँदैनन्। उनीहरूसँग आफ्नै निश्चयता, विश्वास मान्यता, प्राथमिकता र काम गर्ने तरिकाहरू हुन्छन्!

दृढ विश्वासहरू विकास गर्ने चरणहरू

सिकाउनुहोस् - उनीहरूलाई कुनै विशेष विश्वास विकास गर्न मद्दत गर्ने तपाईंको प्रयासका तीन वटा चरणहरू हुन सक्छन्।

- उनीहरूसँगै मिलेर बाइबलबाट सत्यता पत्ता लगाउनुहोस्। बाइबलीय सिद्धान्तहरूले विश्वासीहरूले बनाउने कुनै पनि निर्णयको सीमा निर्माण गर्दछन्।

- उनीहरूलाई उचित कार्यान्वयन छान्न दिनुहोस्। बाइबल कहिले पनि परिवर्तन हुँदैन, यद्यपि यहाँ एउटा सत्यताको धेरै सम्भावित प्रयोगहरू हुन सक्छन्।
- उनीहरूसँग मिलेर उनीहरूले गरेका निर्णयहरूको परिणामहरूबारे छलफल गर्नुहोस्। उदाहरणको लागि बाइबलले किशोर-किशोरीहरूले लगाउने लुगाको सम्बन्धमा दुई वटा सिद्धान्तहरू सिकाउँछ: लुगा नैतिकरूपमा ग्रहणयोग्य हुनुपर्छ (एफिसी ५:५) र हरेक अवसरको लागि त्यो साँस्कृतिकरूपमा उचित हुनुपर्छ (१ कोरिन्थी १०:३१-३३)। यी नैतिक र साँस्कृतिक सीमाभित्र किशोर-किशोरीहरूको खुल्ला छनौट हुन्छ। उनीहरूले आफ्नै छनौट अथवा निर्णय गर्छन्। आमाबुबाले उनीहरूको छनौटको परिणामहरू र उनीहरूको छनौटले अरूहरूमाथि र उनीहरू आफैमाथि कस्तो प्रभाव पार्न सक्छ भनी छलफल गर्दछन्।

३. तपाईंका छोराहरू र छोरीहरूलाई परिपक्व भावनाहरू र सम्बन्धहरू निर्माण गर्न दिनुहोस्।

आमाबुबाको लक्ष्यहरू - आमाबुबाको हैसियतले हाम्रो लक्ष्य हाम्रा छोराछोरीसँग सुमधुर सम्बन्ध होइन तर परिपक्व सम्बन्ध स्थापित गर्नु हो। आमाबुबाको रूपमा हाम्रो लक्ष्य आत्मनिर्भरता मात्र विकास गर्नु होइन, तर स्वस्थरूपमा आफैमा भर पर्ने बनाउनु पिन हो! पश्चिमी सँस्कृतिले एक्लो व्यक्तित्ववाद सिकाउँछ भने बाइबलले एक-आपसबीचको प्रेम सिकाउँछ! परिपक्व सम्बन्धलाई प्रत्येक व्यक्तिले आफ्नो बोलीवचन र कामको पूर्ण जिम्मेवारी लिने कुराले चित्रण गर्छ; प्रत्येक व्यक्तिले आफ्नै व्यक्तिगत निश्चयताका साथ अभिव्यक्त गर्ने र जिउने कुराले चित्रण गर्छ; प्रत्येक व्यक्तिले आफ्नो भावनाहरू साँचोरूपमा अभिव्यक्त गर्ने कुराले चित्रण गर्छ र दुवै व्यक्तिले स्वस्थ अन्तरनिर्भरता विकास गर्ने कुराले चित्रण गर्छ (अर्थात्: एकले अर्कालाई प्रेम गर्नुहोस्)।

परिपक्व भावनाहरू विकास गर्नु
छलफल गर्नुहोस् - तपाईंले किशोर-किशोरीहरूलाई आफ्ना भावनाहरू साँचो र परिपक्व तरिकाले अभिव्यक्त गर्न कसरी मद्दत गर्न सक्नुहुन्छ?
टिप्पणी - कोशोर-किशोरीहरूमा बलियो भावना हुन्छ र उनीहरूले ती अभिव्यक्त पनि गर्छन्! आमाबुबाले रिसाउने, झर्किने, चिच्याउने, झगडा गर्ने र रुनेजस्ता कडा भावनाहरू मन पराउँदैनन् र आफ्ना छोराछोरीमा यी कुराहरूलाई दबाउन कोसिस गर्छन्।
किशोर-किशोरीहरूले वास्तवमा यसो भन्न खोज्छन्, "म यो हुँ।" "वास्तवमा म यस्तो महसुस गर्छु!" "म जस्तो छु, त्यस्तै अवस्थामा स्वीकार गर्नुहोस्!" किशोर-किशोरीहरू प्राय: इमान्दार सम्बन्ध राख्न चाहन्छन् भने आमाबुबाले चाहिँ प्राय: सुमधुर सम्बन्ध राख्न चाहन्छन्!

तैपनि, यदि किशोर-किशोरीहरूका भावनाहरूलाई निरन्तररूपमा दबाइन्छ भने उनीहरूले आफ्ना दबाइएका भावनाहरूलाई सबै किसिमका असामाजिक व्यवहारहरूमा अभिव्यक्त गर्न सक्छन्; जस्तै: झूटो बोल्ने, अपराधिक क्रियाकलापहरूमा सङ्लग्न हुने, लागूपदार्थ सेवन गर्ने, यौन-क्रियाकलाप तथा हिंसात्मक गतिविधिमा सामेल हुने अथवा विभिन्न किसिमका भावनात्मक समस्याहरूमा आफूलाई अभिव्यक्त गर्न सक्छन्; जस्तै: निराश हुने, हरेस खाने, गुप्तरूपमा रिसाउने, तीतोपना र नराम्रा बानीहरू आदि। यसकारण, आफ्ना छोराछोरीलाई उनीहरूका भावनाहरू अभिव्यक्त गर्न दिनुहोस् तर उनीहरूलाई यी कुराहरू आत्मसंयमसाथ साँचो र प्रमिलो तरिकामा अभिव्यक्त गर्न सहायता गर्नुहोस्।

परिपक्व सम्बन्धहरू विकास गर्नु
छलफल गर्नुहोस् - तपाईंले जवानहरूलाई स्वस्थ अन्तरनिर्भर सम्बन्धहरू विकास गर्न कसरी मद्दत गर्न सक्नुहुन्छ?
टिप्पणी - बाइबलले हरेक विश्वासीलाई निर्दिष्ट परिवार, निर्दिष्ट मण्डली र निर्दिष्ट समाजमा राख्दछ। बाइबलको विश्व-दृष्टिकोण आ-आफ्नै बाटोमा लागिरहेका मानिसहरूले बनेको छैन तर परिवारहरूभित्रका मानिसहरू, मण्डलीभित्रका सदस्यहरू र समाजभित्रका नागरिकहरूद्वारा बनिएको छ। बाइबलको विश्व-दृष्टिकोण भनेको हामी सबैलाई एक-अर्काको खाँचो छ र हामीले एक-अर्काको लागि उल्लेखनीय योगदान दिनुपर्दछ।
उदाहरणको लागि आमाबुबा र छोराछोरी सँगै मिलेर काम गर्नको लागि एक-अर्कासँग खुल्ला हुनको लागि, एक-अर्काबाट सिक्नको लागि र एक-अर्काको सेवा गर्नको लागि एकले अर्कोलाई उत्साह दिनुपर्दछ।

अस्वस्थ सम्बन्धहरूका उदाहरणहरू:
- केही आमाहरूले सधैँ आफ्ना सन्तानहरूलाई आफूमा निर्भर राख्न खोज्छन्।
- केही वयस्क छोराछोरीहरूले आफूलाई आफ्ना आमाबुबाको दबाव र नियन्त्रणबाट स्वतन्त्र पार्न सक्दैनन्।

- केही मानिसहरूले हुनेवाला जीवनसाथीमा आमालाई हेर्दछन् (खोज्दछन्)।
- केही स्त्रीहरू आफ्ना कमजोर जीवनसाथीसँग दयालु नर्स बन्न कोसिस गर्दछन्।
- बाइबलले पुरुषगामी र स्त्रीगामी अनैतिक समलिङ्गी एक-आपसमा भर पर्ने सम्बन्धहरूलाई मनाही गर्दछ।

ग. बुबा हो, आफ्ना छोराछोरीलाई प्रभुको तालिम र शिक्षामा हुर्काओ

सिकाउनुहोस् - आफ्नो सन्तानकी आमालाई प्रेम गर्नु र सन्तानलाई हुर्काउनु हरेक बुबाका दुई मुख्य जिम्मेवारीहरू हुन्!

- "तपाईंको सन्तानलाई प्रभुको शिक्षामा हुर्काउनु" को अर्थ उसलाई बाइबलका सत्यताहरू सिकाउनु हो।
- "तपाईंको सन्तानलाई प्रभुको तालिममा हुर्काउनु" भनेको उसलाई बाइबलका सत्यताहरू पालन गर्न अभ्यास गराउनु हो।

यो काम पूरा गर्नको निम्ति आमाले बुबालाई सहयोग गर्नुपर्छ (उत्पत्ति २:१८)।

१. तपाईंको सन्तानलाई यस संसारमा असल नागरिक हुन तालिम दिनुहोस्।

हितोपदेश २२:६; १३:२४; १७:२१; २३:२४; लूका २:५२; १ कोरिन्थी १३:४-८ पढ्नुहोस्।
पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - आमाबुबाले आफ्ना सन्तानलाई तालिम दिनुपर्ने सबैभन्दा महत्वपूर्ण क्षेत्रहरू कुन-कुन हुन्?
टिप्पणी - परमेश्वरले उनीहरूलाई हिँडाउन चाहनुभएको मार्गमा उनीहरूलाई तालिम दिनुहोस्। स्वस्थ परिवारहरू स्वस्थ राष्ट्र बनाउने इँटाहरू हुन्!

तालिमको अर्थ - समग्रमा तालिमको अर्थ यी हुन्:
- सत्यतालाई व्यवहारमा उतार्न उनीहरूलाई अभ्यास गराउनु
- उनीहरूलाई बारम्बार उत्साह दिनु
- आवश्यक परेको खण्डमा उनीहरूलाई अनुशासनमा राख्नु अथवा सजाय दिनु

तालिमको क्षेत्रहरू - विशेष गरी यी क्षेत्रहरूमा उनीहरूलाई तालिम दिनुहोस्:
- बौद्धिक, शारीरिक, आत्मिक र सामाजिक परिपक्वता
- बुद्धिमान् हुन
- प्रेम गर्न - यहाँ प्रेमको अर्थ धैर्यता, दया, भद्रता, विनम्रता, असल व्यवहार, निस्वार्थ सेवा, अत्मसंयम र क्षमा दिन सिक्नु हो।

२. आफ्नो सन्तानलाई परमेश्वरको राज्यको असल नागरिक हुन तालिम दिनुहोस्।

हितोपदेश १४:२६; २०:७; व्यवस्था ६:४-९ पढ्नुहोस्।
पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - आमाबुबाले तय गरेको उदाहरण हुनुको महत्व के हो? तालिमको लागि बाइबलको महत्व के हो?

घ. आमाबुबाप्रति छोराछोरीको जिम्मेवारीहरू

आफ्ना आमाबुबाप्रति छोराछरीको जिम्मेवारीहरू के-के हुन्? आफ्ना आमाबुबा सिद्ध नभए तापनि उनीहरू बहुमूल्य छन् भनी छोराछोरीले जान्नुपर्दछ। आमाबुबाले आफ्ना छोराछोरीलाई प्रेम गर्दछन् र उनीहरूलाई असल आमाबुबा हुनको लागि आफ्ना सन्तानको सहकार्य आवश्यक पर्छ!

एफिसी ६:१-३; (कलस्सी ३:२०; हितोपदेश २३:२२-२५) पढ्नुहोस्।
पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - परमेश्वरले छोराछोरीलाई दिनुहुने विशेष जिम्मेवारीहरू के-के हुन्?
टिप्पणी - यी दुई जिम्मेवारीहरू तपाईंले आफ्ना आमाबुबालाई दिनसक्ने सबैभन्दा ठूला उपहारहरू हुन्:
- तपाईं जवान अवस्थामा हुँदाको आज्ञाकारिता
- तपाईं वयस्क अवस्थाको हुँदाको आदर

ङ. छोराछोरी हो, प्रभुमा आफ्ना आमाबुबाको आज्ञापालन गर

आमाबुबाप्रतिको आज्ञाकारितका बारेमा निम्नलिखित तीन वटा सत्यताहरू सिकाउनुहोस्:

१. बाइबल विरुद्ध नहुने कुराहरूमा आमाबुबाको आज्ञापलान गर

मत्ती १०:३७; (मर्कूस ७:१-१३; प्रेरित ४:१९-२०; ५:२९: १ कोरिन्थी ९:१९-२३) पढ्नुहोस्।
छलफल गर्नुहोस् - तपाईंले कुन-कुन परिस्थितिहरूमा आफ्ना आमाबुबालाई भन्दा बढी प्रभु येशू ख्रीष्टलाई प्रेम गर्नुपर्दछ? अनि कुन-कुन परिस्थितिहरूमा तपाईंले आफ्ना आमाबुबालाई प्रसन्न तुल्याउनुपर्दछ?
टिप्पणी - यदि तपाईंको आमाबुबाले तपाईंलाई परमेश्वरको दृष्टिमा खराब काम गर्न लगाउनुहुन्छ अथवा तपाईंले ख्रीष्टमा विश्वास गर्नुभएको कारण तपाईंको परिवारले तपाईंलाई सताउँछ र तपाईंले ख्रीष्टलाई इन्कार गरेको चाहन्छ अथवा तपाईंले अइसाई व्यक्तिसँग विवाह गरेको चाहन्छ भने तपाईंले नम्रतापूर्वक आफ्ना आमाबुबाको आज्ञापालन गर्न इन्कार गर्नुपर्दछ। यदि तपाईंको परिवारले तपाईंलाई बाइबलको विरुद्ध पारिवारिक सँस्कृति र परम्पराहरू मान्न लगाउँछ भने तपाईंले नम्रतासाथ ती कुराहरू मान्न इन्कार गर्नुपर्दछ। तैपनि, तपाईंको परिवारले मान्दैआएको केही परम्पराहरू, सँस्कृतिहरू र पारिवारिक नियमहरू बाइबल विरुद्ध नहुन पनि सक्छन्। यी कुराहरू मान्नाले निश्चय नै तपाईंका आमाबुबालाई आदर मिल्दछ।

२. तपाईं कम उमेरको बालक रहुञ्जेल आमाबुबाको आज्ञापालन गर्नुहोस्।

लूका २:५१; मर्कूस ३:२०-२१,३१-३५ पढ्नुहोस्।
पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - येशूले कहिलेसम्म आफ्ना आमाबुबाको आज्ञापालन गर्नुभयो?
टिप्पणी - बाइबलले तपाईंले जीवनभरि नै आमाबुबाको आज्ञापालन गर्नुपर्छ भनी सिकाउँदैन, तर जबसम्म तपाईं कम उमेरको बालक अवस्थामा रहनुहुन्छ अथवा तपाईं युवा अवस्थामा नपुगेसम्म मात्र आज्ञापालन गर्नुपर्छ भनी सिकाउँछ! जब तपाईंले आफ्नो आमाबुबाको घर छोड्नुहुन्छ, अथवा जब तपाईं आफ्ना आमाबुबामा निर्भर रहनुहुन्न अथवा जब तपाईंले विवाह गर्नुहुन्छ, तब तपाईंको वयस्क अवस्था सुरु हुन्छ। यसर्थ, आमाबुबाको आज्ञापालन गर्ने समयको सीमा छ, जुन तपाईं परिपक्व वयस्क नभएसम्म रहन्छ। तैपनि, आफ्नो आमाबुबालाई आदर गर्ने समयको कुनै सीमा हुँदैन।

३. तपाईं इसाई हुनुभएकोले आफ्ना आमाबुबाको आज्ञापलान गर्नुहोस्।

"प्रभुमा आफ्नो आमाबुबाको आज्ञापालन गर" भन्नुको अर्थ यो होइन, कि तपाईं तपाईंका आमाबुबा इसाई हुनुभएपछि मात्र तपाईंले उहाँहरूको आज्ञापालन गर्नुपर्छ, तर तपाईंले उहाँहरूको आज्ञापालन गर्नुपर्छ, किनभने तपाई इसाई व्यक्ति हुनुहुन्छ!

च. छोराछोरी हो, आफ्ना बुबा र आमाको आदर गर

सिकाउनुहोस् - आदर गर्नु भनेको उच्च सम्मान दिनु, वास्ता देखाउनु, बिना हिचकिचाहट, बिना स्वार्थ अथवा बिना डर प्रेम गर्नु हो। निम्नलिखित उदाहरणहरू आफ्ना आमाबुबा, आफ्ना सासू-ससुरा र स्वर्गीय पितासँग सम्बन्धमा रहेका सबै मानिसहरूप्रति लक्षित छन्। तपाईंका आमाबुबालाई तपाईंका सासू-ससुरालाई अनि अझ बढ्ता गरी तपाईंको स्वर्गीय पितालाई आदर गर्ने अथवा अनादर गर्ने पाँच वटा तरिकाहरू छन्।

छलफल गर्नुहोस् - तपाईंका आमाबुबालाई, सासू-ससुरालाई अनि अझ बढ्ता गरी तपाईंको स्वर्गीय पितालाई आदर गर्ने निम्नलिखित पाँच वटा तरिकाहरूबारे छलफल गर्नुहोस्।

१. आफ्नो आमाबुबासँग वादविवाद नगरिकन उहाँहरूको आदर गर्नुहोस्।

तपाईंले आफ्ना आमाबुबासँग कुनै वास्तविक आत्मिक महत्व नभएका कुराहरूको बारेमा वादविवाद गर्नुहुन्छ भने तपाईंले उहाँहरूको अनादर गर्नुहुन्छ।
उदाहरणको लागि कुन लुगा लगाउन ठिक छ, कुन टेलिभिजन कार्यक्रम हेर्ने, अथवा घरको कामहरू कसले गर्ने भन्ने कुराहरूमा वादविवाद नगर्नुहोस्। वादविवाद गर्नु तपाईंको आमाबुबालाई यो कुरा थाहा गराउने तरिका हो, कि उहाँहरूको दृष्टिकोण हाँस्यास्पद छ।

तपाईंले आफ्ना आमाबुबालाई सकारात्मक तरिकामा कसरी आदर गर्न सक्नुहुन्छ? आफ्नो दृष्टिकोणलाई नम्र तरिकाले व्यक्त गर्नुहोस् र त्यसपछि परमेश्वरलाई प्रसन्न पार्ने तरिकाले काम गर्न दिनुहोस्। यसरी तपाईंले यो कुरा देखाउनुहुन्छ, कि हरेक परिस्थितिमा परमेश्वरले नियन्त्रण गर्नुहुन्छ र तपाईंको निम्ति जे असल छ, त्यो पूरा गर्न परमेश्वर योग्य हुनुहुन्छ भन्ने कुरामा तपाईं विश्वास गर्नुहुन्छ।

२. आमाबुबाको सल्लाह र सुझावहरूलाई गम्भीररूपमा लिएर उहाँहरूलाई आदर गर्नुहोस्।

तपाईंले आफ्ना आमाबुबाको सल्लाह र सुझावहरूलाई वास्ता नै नगरी त्यसलाई अस्वीकार गर्नुहुन्छ भने तपाईंले उहाँहरूलाई अनादर गर्नुहुन्छ। जब तपाईंले आफ्नो स्थान र अवधारणाको प्रतिरक्षा गर्नुहुन्छ र उहाँहरूको विचारहरूलाई ध्यान दिन योग्य छैन भनी उहाँहरूलाई महसुस गराउनुहुन्छ, तब तपाईंले उहाँहरूलाई अनादर गर्नुहुन्छ।

कसरी तपाईंले आफ्ना आमाबुबालाई सकारात्मक तरिकाले आदर गर्न सक्नुहुन्छ? तपाईंका आमाबुबाले तपाईंलाई सल्लाह र सुझावहरू दिनुहुँदा, तपाईंले उहाँहरूबाट सिक्नुहुन्छ। तपाईंले अवसर पाउँदा, उहाँहरूका अनुभवी वर्षहरू र उहाँहरूमा जम्मा भएका ज्ञानहरूबाट सिक्नुहोस्। विशेषगरी उहाँहरूको शक्तिका क्षेत्रहरूमा, उहाँहरूका प्रतिभाहरू, सीपहरू, ज्ञान र व्यवहारिक ज्ञानहरूबाट सिक्नुहोस्। केही आमाबुबाहरूसँग योजना बनाउने, व्यवस्था मिलाउने, व्यापार गर्ने, पैसा बचाउने, खाना बनाउने र खेतीपाती गर्ने दक्षताहरू हुन्छन्। अरू आमाबुबाहरूसँग चाहिँ नेतृत्व गर्ने, सिकाउने, परामर्श दिने र सेवा गर्ने कामहरूमा दक्षता हुन्छ। तपाईंले आफ्ना आमाबुबासँग सल्लाह मागेर अनि उहाँहरूबाट सिकेर उहाँहरूलाई आदर गर्नुहुन्छ।

३. आमाबुबालाई आफ्नो वास्तविक जीवनमा समावेश गराएर उहाँहरूको आदर गर्नुहोस्।

जब तपाईंले के सोचिरहनुभएको छ, के अनुभव गरिरहनुभएको छ, र के गरिरहनुभएको छ भनी आफ्ना आमाबुबालाई थाहा दिनुहुन्न, तब तपाईंले उहाँहरूको अनादर गर्नुहुन्छ। र जब तपाईंले के योजना बनाउँदै हुनुहुन्छ भनी आफ्ना आमाबुबालाई थाहा दिनुहुन्न अथवा उहाँहरूलाई आफ्ना योजनाहरूमा सहभागी हुने मौका दिनुहुन्न भने तपाईंले उहाँहरूको अनादर गर्नुहुन्छ। जब तपाईंले आफ्ना आमाबुबालाई आफ्नो रमाइलो समय, दु:खका समय अथवा पीडाको समयमा सहभागी हुनदेखि अलग राख्नुहुन्छ, तब तपाईंले उहाँहरूको अनादर गर्नुहुन्छ। आफ्ना आमाबुबालाई तपाईंको वास्तविक जीवन र निर्णयहरूबाट अलग गर्नु भनेको उहाँहरूलाई यो थाहा गराउनु हो, कि उहाँहरू त्यसको निम्ति सम्बन्ध राख्न योग्य व्यक्तिहरू हुनुहुन्न!

तपाईंले कसरी आफ्ना आमाबुबालाई सकारात्मक तरिकाले आदर गर्न सक्नुहुन्छ? आफ्नो आमाबुबासँग सञ्चार गर्नुहोस्। कहिलेकाहिँ यो काम गाह्रो हुन्छ तर आफ्ना आमाबुबालाई आदर गर्ने यो सबैभन्दा उत्तम तरिका हो। उहाँहरूसँग कुराकानी गर्न पहल गर्नुहोस्। आफ्ना गतिविधिहरूका बारेमा उहाँहरूसँग कुरा गर्नुहोस्: पढ्ने ठाउँमा अथवा काम गर्ने ठाउँमा तपाईं के गर्नुहुन्छ, साथीहरूसँग मिलेर तपाईं के गर्नुहुन्छ, र आफ्नो मण्डलीमा तपाईं के गर्नुहुन्छ- यी कुराहरू उहाँहरूलाई बताउनुहोस्। यसैगरी तपाईंले के कुरामा विश्वास गर्नुहुन्छ भन्ने बारेमा उहाँहरूसँग बातचित गर्नुहोस्; जस्तै: परमेश्वरो बारेमा, मानिसहरूका बारेमा र संसारको बारेमा। तपाईंको इसाई दृढ विश्वासको बारेमा उहाँहरूसँग कुरा गर्नुहोस्। तपाईंले के सोच्नुहुन्छ, के महसुस गर्नुहुन्छ अनि के गर्ने योजना बनाउँदै हुनुहुन्छ भन्ने बारेमा उहाँहरूलाई जानकारी दिनुहोस्। अनि आफ्ना आमाबुबालाई आफ्नो योजना र निर्णयहरूमा समावेश गराएर पनि तपाईंले उहाँहरूको आदर गर्न सक्नुहुन्छ। आफ्ना आमाबुबाको अनुभव र बुद्धिलाई आदर गर्नुहोस् र उहाँहरूको परामर्श लिनुहोस्। तपाईंको अन्तिम निर्णय उहाँहरूको इच्छाको विपरीत भए तापनि उहाँहरूलाई यो महसुस गराउनुहोस् कि तपाईंले उहाँहरूको कुरा सुन्नुभएको छ र उहाँहरूका विचारहरूलाई गम्भीररूपमा लिनुभएको छ।

तपाईंको आमाबुबालाई सुरुवातमै समावेश गराएर तपाईंको सोचाइ कसरी विकसित हुँदैछ भनी उहाँहरूलाई हप्तैपिच्छे सुसूचित गर्ने अवसर तपाईंले पाउनुहुन्छ। त्यसपछि आवश्यक परे उहाँहरूले बिस्तारै तपाईंको अन्तिम निर्णयसँग समायोजन गर्न सक्नुहुन्छ र उहाँहरूको निम्ति यो कुरा आश्चर्यजनक हुनेछैन।

४. आमाबुबाको र अरूहरूको सेवा गरेर आफ्ना आमाबुबाको आदर गर्नुहोस्।

आमाबुबाले केही काम अह्राउनुभएपछि मात्र उहाँहरूको सेवा गर्नुहुन्छज र हिचकिचाउँदै उहाँहरूको सेवा गर्नुहुन्छ भने तपाईंले उहाँहरूको अनादर गर्नुहुन्छ। यस्तो अवस्थामा तपाईं कुनै कुरामा उहाँहरूले नै पहल गरेको चाहनुहुन्छ। यदि

उहाँहरूले तपाईंलाई कुनै कुरा अह्राउनुभएन भने तपाईं केही पनि गर्नुहुन्न। तपाईं आफ्नो स्वेच्छाले केही पनि गर्न खोज्नुहुन्न। तपाईंका आमाबुबामाथि भएको बोझ उठाउन तपाईं आफ्नो जवानी र बल प्रयोग गर्न अस्वीकार गर्नुहुन्छ।

तपाईंले आफ्ना आमाबुबालाई सकारात्मक तरिकामा कसरी आदर गर्न सक्नुहुन्छ? तपाईंले कहाँ सेवा गर्न सक्नुहुन्छ, कहाँ तपाईंको मद्दतको आवश्यक्ता छ र अरू कसैले गर्न नचाहेको अथवा गर्न नसक्ने काम गर्न सक्नुहुन्छ कि भन्ने कुरा हेर्न आफूलाई तालिम दिनुहोस्। सेवा गर्न र मद्दत गर्न पहल गर्नुहोस् र तपाईंका आमाबुबाले नअह्राउनुभएसम्म नपर्खनुहोस्।

तपाईं व्यवहारमा उदाहरण बन्नहोस्। घरमा आफ्ना दाजुभाइ तथा दिदीबहिनीहरूसँग असल सम्बन्ध कायम राख्नुहोस्। उहाँहरूले नअह्राइकन नै आफ्नो भागको गरायसी कामहरू आफै गर्नुहोस्। घरबाहिर इमान्दार र जिम्मेवार व्यक्ति बन्नुहोस्। आफ्नो पढाइ अथवा काममा कडा परिश्रम गर्नुहोस्। लगनशील व्यक्ति बन्नुहोस्। आफूसँग सम्बन्धित साथीहरू, तपाईं जाने ठाउँहरू र तपाईंले गर्ने अथवा गर्न अस्वीकार गर्ने कुराहरूको तपाईंको आमाबुबाले आफूलाई आमाबुबाको रूपमा कस्तो महसुस गर्नुहुन्छ भन्ने कुराले ठूलो असर पार्दछ।

५. आमाबुबालाई प्रेम गरेर उहाँहरूलाई आदर गर्नुहोस्।

जब तपाईंले परम्परागतरूपमा आवश्यक तरिकामा मात्र आफ्ना आमाबुबालाई प्रेम देखाउनुहुन्छ; जस्तै: उहाँहरूलाई भेट्न गएर, उपहारहरू दिएर, र उहाँहरूका इच्छा पूरा गरेर, तब तपाईंले उहाँहरूलाई अनादर गर्नुहुन्छ। जब तपाईंले परम्परागतरूपमा आवश्यक यस्ता धार्मिक कामहरू खराब भावका साथ अथवा बिना रुचि गर्नुहुन्छ, तब तपाईंले उहाँहरूलाई अनादर गर्नुहुन्छ। जब तपाईंले अप्रत्यक्षरूपमा 'म तपाईंहरूको कदर गर्छु' भनी बताउन कुनै विशेष कुरा गर्न छोड्नुहुन्छ, तब तपाईंले उहाँहरूको अनादर गर्नुहुन्छ। जब तपाईंले उहाँहरूलाई सराहना अथवा आदर गर्नुहुन्छ अथवा उहाँहरूले तपाईंको निम्ति विगतमा गर्नुभएका सबैथोकको निम्ति आभारी हुनुहुन्छ भनी उहाँहरूलाई कहिल्यै बताउनुहुन्न, तब तपाईंले उहाँहरूलाई अनादर गर्नुहुन्छ। जब तपाईंले उहाँहरूले तपाईंप्रति गर्नुभएका गलत कुराहरूको निम्ति उहाँहरूलाई कहिले पनि माफ गर्नुहुन्न, तर उहाँहरूसँग निरन्तर रिसाउनुहुन्छ र त्यसको बदला लिन उहाँहरूलाई चोट पऱ्याउनुहुन्छ, तब तपाईंले उहाँहरूको अनादर गर्नुहुन्छ। यी सबै कार्यहरूले तपाईंका आमाबुबालाई यो कुरा बताउँछ कि तपाईंले उहाँहरूलाई प्रेम गर्नुहुन्न।

तपाईंले आफ्न आमाबुबालाई अनादर गर्नाले उहाँहरूलाई गहिरो चोट पुग्दछ। माथि उल्लेखित आमाबुबालाई अनादर गर्ने तरिकाहरूले तपाईंको आमाबुबालाई यो कुरा बताउँछ, कि तपाईंले उहाँहरूलाई आफ्नो सम्मानको योग्य ठान्नहुन्न। यी तरिकाहरू विशेषगरी तपाईंका आमाबुबा अइसाई हुँदा प्रभावशाली हुन्छ किनभने यसकिसिमको व्यवहारले बताउँछ, कि तपाईंहरू इसाई नहुनु भएको हुनाले तपाईंका विचारहरू हामी इसाईहरूका लागि कुनै मूल्यका हुँदैन। अथवा तपाईंहरू इसाई नहुनु भएकोले गर्दा, अब म तपाईंहरूलाई प्रेम गर्न सक्दिनँ। जब आफ्नो छोरा अथवा छोरी ख्रीष्टमा आउँछ, तब धेरै अविश्वासी आमाबुबाले अब उसँगको सम्बन्ध गुम्छ भनी सङ्का गरेर डराउँछन्। आफ्नो छोरा अथवा छोरीको कुनै पनि प्रेमबिहिन व्यवहारले उहाँहरूको अस्वीकार र असफलताको भावनलाई पुष्टि गर्दछ। उहाँहरूको प्रतिक्रिया बिनातर्कको हुन सक्छ तर यसले प्राय: आमाबुबाले अनुभव गर्नुभएको कुराहरू अभिव्यक्त गर्दछ।

तपाईंले आफ्ना आमाबुबालाई सकारात्मक तरिकामा कसरी आदर गर्न सक्नुहुन्छ? साँचो इसाई प्रेम परम्परागतरूपमा आवश्यक धार्मिक विधिहरूभन्दा धेरै पर जान्छ। साँचो इसाई प्रेम उहाँहरूका कमजोरीहरूमा धैर्यवान् हुन्छ र उहाँहरूले तपाईंप्रति गर्नुभएका गलत कुराहरूलाई क्षमा गर्दछ।

आफ्नो आमाबुबालाई बुझ्ने कोसिस गर्नुहोस्। उहाँहरूलाई उहाँहरूका आमाबुबाले हुर्काएको तरिका, आफ्ना जीवनमा उहाँहरूले अनुभव गर्नुभएका अप्ठेरा कुराहरू तथा सङ्कटहरू र आफ्ना आमाबुबा तथा परिवारका अरू सदस्यहरूसँगको उहाँहरूको सम्बन्धलाई बुझ्नुहोस्। विशेषगरी रुपैयाँ-पैसा, जीवनशैली, शिक्षा, ओहोदा, सत्य बोल्ने, तथा इमान्दारीपनको विषयमा उहाँहरूको मान्यताहरूलाई बुझ्नुहोस्। उहाँहरूले अपनाउनुभएको विशेष नियमहरू, परम्पराहरू अनि धार्मिक विश्वासहरू र यी कुराहरूले उहाँहरूका सोचाइ, अनुभव र व्यवहारहरूलाई कसरी प्रभाव पार्छ भनी बुझ्नुहोस्। उहाँहरूले वैवाहिक झगडा, सन्तानको अनुशासन, कामको दवाब, कसैलाई अथवा कुनै सामान गुमाउँदाको पीडा, अरूले गरेका अन्यायजस्ता विभिन्न अवस्थामा प्रतिक्रिया देखाउने तरिका र उहाँहरूले त्यस तरिकामा किन प्रतिक्रिया जनाउनुभयो भनी बुझ्नुहोस्। विशेषगरी तपाईं इसाई बनिसक्नुभएपछि, तपाईंको बारेमा उहाँहरूको गलत धारणा र डरलाई बुझ्नुहोस्।

जब तपाईं इसाई बन्नुहुन्छ, धेरैजसो आमाबुबाहरू येशू ख्रीष्टप्रतिको तपाईंको समर्पणताले तपाईंलाई नकारात्मकरूपमा प्रभाव पार्नेछ भनी डराउँछन्। तपाईंले आफ्नो पढाइ बिगार्नुहोला, तपाईंले राम्रो जागिर नपाउनुहोला, तपाईं जीवनमा असफल हुनुहोला र तपाईंले थोरै पैसा कमाउनुहोला अनि आफ्ना आमाबुबालाई आर्थिकरूपमा सहयोग गर्न नसक्नुहोला भनी उहाँहरू डराउनुहुन्छ। त्यसैगरी तपाईंले आफ्नो सँस्कृति गुमाउनुहोला र उहाँहरूको धर्मलाई अपमान गर्नुहोला भनी उहाँहरू डराउनुहुन्छ। तपाईंले आफ्नो इसाई विश्वासलाईई कशलतापूर्वक उहाँहरूलाई व्याख्या गर्नुहोस् र उहाँहरूलाई यो कुरा प्रमाणित गर्नुहोस् कि येशू ख्रीष्टले तपाईंको लागि जे गरिदिनुभएको छ, त्यसमार्फत तपाईं अझ बढी जिम्मेवार र अझ बढी प्रेमिलो व्यक्ति बन्नुभएको छ।

५	**प्रार्थना** (८ मिनेट)	**[प्रतिक्रियाहरू]** **परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउने प्रार्थना**

समूहमा पालैपालो गरी तपाईंले आज के सिक्नुभएको छ, त्यसबारे प्रतिक्रियात्मकरूपमा परमेश्वरसँग छोटो प्रार्थना गर्नुहोस्। अथवा दुई वा तीन जनाको समूहमा विभाजन भएर तपाईंले आज जे सिक्नुभएको छ, सोबारे परमेश्वरसँग प्रतिक्रिया जनाउँदै प्रार्थना गर्नुहोस्।

६	**गृहकार्यको निम्ति तयारी** (२ मिनेट) **अर्को पाठको निम्ति**	

(**समूहको अगुवा** - तपाईंका समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेख्न लगाउनुहोस् वा उनीहरूलाई यसको प्रतिलिपि बनाउन लगाउनुहोस्।)

१. **प्रतिवद्धता -** चेलाहरू बनाउनको निम्ति प्रतिवद्ध हुनुहोस्। 'आमाबुबा र छोराछोरीको सम्बन्धहरू'को शिक्षालाई अर्को व्यक्ति अथवा समूहका मानिसहरूलाई प्रचार गर्नुहोस्, सिकाउनुहोस् अथवा उनीहरूसँग बसेर अध्ययन गर्नुहोस्।

२. **परमेश्वरसँगको व्यक्तिगत समय -** प्रत्येक दिन आधा अध्याय पढेर विद्यार्थीहरूलाई परमेश्वरसँग व्यक्तिगत समय बिताउन लगाउनुहोस् (नहेम्याह ४,८,९ र १० अध्यायहरू)। प्रश्नहरू सोध्ने तरिकालाई प्रयोग गर्नुहोस्। टिप्पणीहरू बनाउनुहोस्।

३. **बाइबल अध्ययन -** घरमा अर्को बाइबल अध्ययन तयार पार्नुहोस्। एफिसी ६:१०-२० - विषय : संसारमा आत्मिक युद्ध। बाइबल अध्ययनको पाँच वटा चरणहरूको प्रयोग गर्न लगाउनुहोस्। टिप्पणीहरू बनाउनुहोस्।

४. **प्रार्थना -** कुनै विशेष व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता निर्दिष्ट भएर प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्दैहुनुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।

५. **चेलाहरू बनाउने विषयमा तपाईंको कापीलाई अद्यावधिक बनाउनुहोस्।** आराधनाको टिप्पणी, परमेश्वरसँग तपाईंले व्यक्तिगत समय बिताउँदा बनाएको टिप्पणी, शिक्षा दिँदा बनाएको टिप्पणी र यो तयारीलाई सङ्लग्न गर्नुहोस।